# निवेदनका लागि मार्ग-दर्शन

# "परिवर्तक"

**(सन् २०२२ को दिसेम्बर ५, अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसका दिन लागू गरिने)**

## परिचय

**परिवर्तक : The Change Maker** नेपाल रेडक्रस सोसाइटी (नेरेसो) का युवाहरूको अगुवाईमा सञ्चालन हुने एक अभियान हो । यस अभियानमा १३ देखि ३० बर्ष उमेर समूहका युवाहरुले सहभागिता जनाउन सक्नेछन् । युवाहरुले हाम्रो समुदायमा जलवायुसँग सम्बन्धित सवालहरू सम्बोधन गर्न अनुदानका लागि आवेदन गर्न सक्नेछन् । आवेदक युवाहरुले एकल वा कम्तिमा ३ सदस्यीय समूहको तर्फबाट आवेदन दिन सक्नेछन् । विशेषतः यस अभियानको उद्देश्य युवाहरुलाई जलवायुसम्बन्धी गतिविधिमा संलग्न गराउने तथा जलवायु अनुकूलनका बारेमा युवाहरूका सिर्जनात्मक विचारहरू समुदायको हितका लागि कार्यान्वयन गर्न प्रेरित गर्नु हो । नेपाल रेडक्रस सोसाइटीसँग सम्बद्ध तथा सोसाइटीसँग सम्बद्ध नभएका जुनसुकै युवाहरू यस अभियानमा संलग्न हुन सक्नेछन् । नेरेसो सम्पूर्ण युवाहरूलाई आफ्ना सृजनात्मक विचार आदान-प्रदान गर्न र आफू परिवर्तनको एक हिस्सा बन्न आह्वान गर्दछ ।

## विषय : जलवायु परिवर्तन

जलवायु परिवर्तन भनेको तापमान तथा मौसमसम्बन्धी ढाँचामा दीर्घकालीन रूपमा आउने परिवर्तन हो । तापमान तथा मौसममा आउने परिवर्तन सौर्य चक्रमा आउने परिवर्तनहरूको माध्यमबाट हुने प्राकृतिक प्रक्रिया पनि हो । यद्यपी सन् १८०० देखि विशेषगरी कोइला, तेल र ग्याँसजस्ता जीवाशेषबाट उत्पन्न इन्धनको प्रयोग जलवायु परिवर्तनको मुख्य कारक बनेको छ । मानवीय अन्य क्रियाकलापहरू पनि जलवायु परिवर्तनका कारकतत्व हुन् ।[1] जलवायु परिवर्तनको कारणले मानव जीवनमा प्रतिकूल असरहरू परिरहेका छन् । विशेषगरी जलवायु परिवर्तनका कारण अति विपन्न तथा सङ्कटासन्न मानिसहरू लगायत सीमान्तकृत समुदायका व्यक्तिहरूले जीवन नै गुमाउने तथा विभिन्न किसिमका रोगबाट बढी प्रभावित भइरहेका छन् । यसैगरी धैरै मानिसहरुले आर्थिक कठिनाई व्यहोर्नुका साथै जीविकोपार्जनमा समेत क्षति पुग्न गई विकराल प्रतिकूल असरहरूबाट प्रभावित भइरहेका छन् ।[2] जलवायु परिवर्तनका कारण स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता, जैविक विविधता, शिक्षा, कृषि, जीविकोपार्जन र अन्य क्षेत्रहरु प्रभावित भएका छन् । यसैगरी जनजाती, महिला, बालवालिका, अपाङ्गता भएका, अल्पसंख्यक समूहहरु लगायतमा समेत बढि प्रभाव परेको छ । यदि तपाईसँग आफ्नो समुदायमा जलवायु परिवर्तनसँग सम्बन्धित कुनै पनि समस्या समाधान गर्ने सिर्जनात्मक सोच वा नविनतम् विचारहरू छन् भने तपाई यस अभियानको अङ्ग बन्न सक्नुहुन्छ ।

नेपालमा विद्यमान जलवायु जोखिमका बारेमा थप जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने **यहाँ** क्लिक गर्नुहोस् ।

---

1 https://www.un.org/en/climatechange/what-is-climate-change

2 Ambitions to address the climate crisis, International Red d Cross Red Crescent Movement, 2020

## आवेदन दिनका लागि योग्यता

आवेदन दिनका लागि मुख्य योग्यताहरू तपसिल बमोजिम रहेका छन् :

- क) आवेदक नेपालको बासिन्दा हुनुपर्ने छ ।
- ख) आवेदक युवा (१३ देखि ३० वर्षको उमेरको) हुनुपर्ने छ ।
- ग) आवेदक १३ देखि १८ वर्ष उमेर भित्रका भए आवेदन सँगै सिफारिशपत्र (अनुसूची १ मा दिइएको ढाँचा अनुसार) र/अथवा स्वीकृति फाराम (अनुसूची २ मा दिईए अनुसार) संलग्न हुनुपर्ने छ। कृपया तलको रुजूसूची पढ्नुहोस् ।*
- घ) आवेदकले रेडक्रस अभियानका सात आधारभूत सिद्धान्तहरूको पालन गर्नु पर्नेछ ।
- ङ) आवेदकले यस अभियानको अन्त्य नभएसम्म सक्रिय रूपमा अभियानको कार्यान्वयन गर्न प्रतिवद्ध हुनुपर्ने छ ।

*** आवेदन बुझाउनका निमित्त सिफारिशपत्र (अनुसूची १) अथवा स्वीकृति पत्र (अनसूची) को आवश्यकता सम्बन्धी रुजूसूची** :

| उमेर समूह | सिफारिशपत्र | स्वीकृति पत्र |
|---|---|---|
| **नेपाल रेडक्रसमा संलग्न आवेदकहरूका लागि (१८ वर्षभन्दा मुनि) :** | | |
| **व्यक्तिगत आवेदक** | चाहिन्छ | चाहिन्छ |
| **सामुहीक आवेदक** | चाहिन्छ | चाहिदैन |
| **नेपाल रेडक्रसमा संलग्न आवेदकहरूका लागि (१८ वर्षभन्दा माथि):** | | |
| **व्यक्तिगत आवेदक** | चाहिदैन | चाहिदैन |
| **सामूहीक आवेदक** | चाहिदैन | चाहिदैन |
| **नेपाल रेडक्रसमा संलग्न नभएका आवेदकहरूका लागि (१३ देखि १८ वर्षसम्म) :** | | |
| **व्यक्तिगत आवेदक** | चाहिदैन | चाहिन्छ |
| **सामूहीक आवेदक** | चाहिदैन | चाहिन्छ ** |
| **नेपाल रेडक्रसमा संलग्न नभएका आवेदकहरूका लागि (१८ वर्षभन्दा माथि) :** | | |
| **व्यक्तिगत आवेदक** | चाहिदैन | चाहिदैन |
| **सामूहीक आवेदक** | चाहिदैन | चाहिदैन |

** समूहको नेतृत्वकर्ताका अभिभावकबाट स्वीकृति पत्र आवश्यक हुन्छ ।

## ग) आवेदन कसरी दिने ?

१) सर्वप्रथम यो मार्गनिर्देशन राम्ररी पढ्नुहोस् ।

२) जलवायु परिवर्तनका कारण आफ्नो समुदाय अथवा विशेष समूहमा देखा परेका चुनौती तथा सवालहरू पहिचान गर्नुहोस् । त्यसपछि उक्त चुनौती वा सवालहरुको समाधान तथा त्यसको न्यूनीकरणका लागि सृजनात्मक उपाय वा नवप्रवर्धनात्मक विचार पहिचान गर्नुहोस् । तपाईले सोच्नुभएको समाधानको उपाय वा विचारबाट समुदाय / समूह कसरी लाभान्वित हुन सक्छन् भनेर विश्लेषण गर्नुहोस् । ज्ञात रहोस्, समाधानका उपायहरु वा तपाईका विचारहरु जलवायु परिवर्तनसँग सम्बन्धित समस्या समाधान केन्द्रित हुनु पर्ने छ ।

३) जलवायु परिवर्तन सम्बन्धी समस्या समाधानका उपायहरु तथा तपाईको विचारमा जलवायु परिवर्तनलाई सम्बोधन गर्दै एउटा छोटो (अधिकतम् दुई मिनेटसम्मको) भिडियो तयार पार्नुहोस् । भिडिओ तयार गर्न थप जानकारीका लागि यहाँ दिईएको https://forms.gle/QQfYQRUx4pVaNYD39 लिङ्क (link) हेर्नुहोस् ।

४) आवेदनका लागि आवश्यक कागजातहरु (सिफारिश पत्र र स्वीकृति पत्र आवश्यक भए) पूर्ववत रुपमा तयारी अवस्थामा राख्नुहोस् । यी कागजात तपाईलााई अनलाइन फाराम भर्दा आवश्यक पर्नेछन् ।

- नेपाल रेडक्रसमा संलग्न आवेदकहरूका लागि, जुनियर/युवा रेडक्रस सर्कलको सिफारिश पत्र र/अथवा अभिभावकको स्वीकृति पत्र आवश्यक हुन्छ ।
- नेपाल रेडक्रससँग आबद्ध नभएका आवेदकहरूका लागि, माथिको तालिकामा दिईए बमोजिम शिक्षक नायक र/वा बुबा-आमाको स्वीकृति पत्र आवश्यक हुन्छ ।

५. निवेदन फाराम भर्नुहोस् । आवेदनका लागि आवश्यक कागजातहरु (सिफारिश पत्र र स्वीकृति फाराम आवश्यक भए) र तपाईले तयार गर्नुभएको भिडियो अपलोड गर्नुहोस् । तपाईले पठाउनु भएको भिडियो नेपाल रेडक्रस सोसाइटीले आफ्ना सामाजिक सञ्जाल मार्फत प्रकाशन तथा प्रसारण गर्न सक्नेछ । आवेदकहरुले आफूले तयार गरेको भिडियो आफ्नो सामाजिक सञ्जालमा पोष्ट गर्नुपर्ने छ र सो भिडियोमा समाजिक सञ्जालमा सहभागिताका आधारमा (लाइक, कमेन्ट र सेयर) मूल्याङ्कन गरिने छ । सामाजिक सञ्जालमा पोष्ट गर्दा छोटो क्याप्सन सहित **#TheParibartakNepal or #NepalLimitless** प्रयोग गर्नुपर्ने छ ।

६. आवेदन दिने समयावधि **सन् २०२२ को दिसेम्बर ५ तारिदेखि सन् २०२३ को जनवरी २० तारिखसम्म** ।

यदि आवेदन पेश गर्दा कुनै कठिनाई आएमा अथवा थप जानकारी आवश्यक भएमा youthaction@nrcs.org मा ईमेल पठाउन सक्नुहुन्छ अथवा आइतवारदेखि शुक्रवारसम्म बिहान १० बजेदेखि ४ बजेसम्म **9841310677** or **9812885576** मा फोन गर्नसक्नुहुन्छ ।

## मूल्याङ्कनका मापदण्डहरू

- **सहभागिता** : सामाजिक सञ्जालमा सबैभन्दा धेरै सहभागीता -लाइक, कमेन्ट र सेयर) भएको भिडियोलाई मूल्याङ्कन समितिले उच्च प्राथमिकतामा राख्नेछ । सामाजिक सञ्जालमा भिडिओ राख्ने समयमा छोटो क्याप्सन सहित **#TheParibartakNepal** र **#NepalLimitless** को प्रयोग गर्नुहोस् ।

- **सिर्जनात्मकता :** सिर्जनशिल तथा समाधानमुखी विचारलाई विशेष प्राथमिकता दिइनेछ। भविश्यमा लगानी तर्फ प्रवृत्त गराउने विचारहरूलाई बढी प्रोत्साहित गरिनेछ।
- **कार्यान्वयनयोग्य विचार :** पछिल्लो चरणमा बृहत रूपले कार्यान्वयन गर्न सकिने सिर्जनशील विचारहरूलाई प्राथमिकता दिइनेछ।
- **सामाजिक प्रभाव : यहाँहरुका** विचारले समुदायमा जलवायु परिवर्तनका कारण श्रृजित समस्या सम्बोधन गर्नुपर्ने छ। समस्या समाधानका उपायहरु पहिल्याउनु पर्नेछ।

## बीज कोष

आवेदकहरूबाट प्राप्त सर्वोत्कृष्ट १०० वटा विचारहरूलाई तिनको कार्यान्वयन गर्नका निम्ति प्रति भिडियो रु. **२४,०००।- का दरले** बीज कोष प्रदान गरिनेछ। छनोट भएका ा निवेदकहरूलाई यसको जानकारी दिइनेछ र त्यसपछिका चरणहरुमा प्रतिवेदन पेश गर्ने संयन्त्रका बारेमा मार्ग-दर्शन उपलब्ध गराइनेछ।

## अनुसूची १

## शिक्षकनायकको सिफारिशपत्रको नमुना

मिति : .....................

**जो जससँग सम्बन्धीत छ।**

श्री/सुश्री ........................................... [*मिति*] ......................... देखि .......................................
[*विद्यालयको नाम* ] को जुनियर/युवा रेडक्रस सर्कलको सदस्य भएको र हाल कक्षा निज कक्षा ...... मा [*यदि विश्वविद्यालयको विद्यार्थी भए, कृपया तह उल्लेख गर्नुहोस्* ] अध्ययन गरिरहेको कुरा,प्रमाणित गरिन्छ। म "परिवर्तक" अभियानमा निजको सहभागिताका लागि सिफारिश गर्दछु।

श्री/ सुश्री .......को अग्रगामी सफलताको कामना गर्दछु।

**भवदीय,**

............................

***[नाम]***
***[पद]***
***[ईमेल अथवा फोन नम्बर]***

Public

## अनुसूची २
## स्वीकृति फाराम

### उन्मुक्ति

म नेपाल रेडक्रस सोसाइटी (नेरेसो) लाई र रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (अन्तर्राष्ट्रिय महासङ्घ) लाई यसैद्वारा कुनै पनि रूपमा अथवा मेडियामा, वर्तमानमा र भविष्यमा समेत तल उल्लिखित सामग्रीको प्रयोग, प्रकाशन र पुनः प्रकाशन (परिवर्तनसहितको प्रकाशनलगायत) गर्ने असीमित अधिकार प्रदान गर्दछु (लागू हुने जतिमा चिह्न लगाउनुहोस्) :

- ☐ मेरो नाम र मेराबारेका अन्य जानकारी
- ☐ फोटो अथवा भिडिओहरूमा मलाई मन परेको कुराहरूको पुनरुत्पादन
- ☐ मेरो आवाज र /अथवा मेरा वक्तव्यहरू

म नेपाल रेडक्रस सोसाइटी तथा अन्तर्राष्ट्रिय महासङ्घले आफ्नो दीर्घकालीन लक्ष्यको अनुकूल हुने गरी नेपाल रेडक्रसका तथा अन्तर्राष्ट्रिय महासङ्घका गतिविधि, अर्थसङ्कलन अथवा अन्य कुनै पनि उद्देश्यका बारेमा प्रतिवेदन तयार पार्ने अथवा तिनलाई प्रवर्धन गर्ने प्रयोजनका लागि बेबसाइटहरू, समाचारपत्र, पोस्टर, ऐतिहासिक अभिलेखलगायतमा यस्तो जानकारी, फोटो र भिडिओको प्रयोग गर्नका लागि म मन्जुरी प्रदान गर्दछु र यो यत्तिकैमा मात्र सीमित भने हुनेछैन ।

यदि मेरा छोरा/छोरी यस अभियानका लागि छनोट भएको खण्डमा, मौद्रिक कारोबारमा तिनको संलग्नता हुने कुराका बारेमा र/अथवा अभियानको अवधिमा आफ्ना विचारहरूको कार्यान्वयनका लागि तिनले प्राप्त गर्ने अनुदानमा मेरो कुनै आपत्ति हुनेछैन ।

म यसैद्वारा यस्तो जानकारी, फोटो अथवा भिडिओको प्रयोगबाट उत्पन्न हुने कुनै पनि दाबीबाट नेपाल रेडक्रस सेसाइटी र अन्तर्राष्ट्रिय महासङ्घलाई उन्मुक्ति प्रदान गर्दछु ।

मैले यो उन्मुक्ति पढेको छु, बुझेको छु र म आफ्ना केटा-केटीहरूका तर्फबाट यसैद्वारा आफ्नो स्वीकृति प्रदान गर्नछु ।

__________________________________________

हस्ताक्षर

________________________

मिति

________________________________________

बाबु आमा तथा व्यक्तिगत निवेदक/समूहको नाम

__________________________________________

पूरा ठेगाना

__________________________________________

ईमेल/फोन नम्बर

Public